नेपाल सरकार
# गृह मन्त्रालय
(निर्वाचन सेल)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेल:control@moha.gov.np
mohacontrolroom@gmail.com

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:शा.सु. ०७९/०८०/२९
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ८४८

नेपाल सरकार
गृह मन्त्रालय

मिति:२०७९/०८/११

विषयः निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

उपर्युक्त विषयमा मिति २०७९ मंसिर ४ गते सम्पन्न प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका सम्बन्धमा निर्वाचन आयोगको मिति २०७९/०८/०७ को बैठकबाट भएको निर्णय आवश्यक कार्यार्थ निर्वाचन आयोग नेपालको च.नं. (१-१-१-३५ क.प्र.)/२०७९/८०/७३७ मिति २०७९/०८/०७ गतेको पत्रबाट अनुरोध भई आएको हुँदा उक्त पत्रको छायाँप्रति पाना १ (एक) यसैसाथ संलग्न राखी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०७९/०८/११
(संजय कुमार पोखरेल)
शाखा अधिकृत

**बोधार्थः**
श्री निर्वाचन आयोग, नेपाल,
कान्तिपथ, काठमाडौं ।

# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL


प.सं. च.नं./Ref: प्रशासन शाखा

(१) १-१-३५ क.प्र.)/२०७९/८० ६२७ मिति: २०७९/०८/०७

श्री मुख्य निर्वाचन अधिकृतको कार्यालय, सबै (७७)

श्री निर्वाचन अधिकृतको कार्यालय, सबै (८८)

श्री जिल्ला प्रशासन कार्यालय, सबै (७७)

श्री प्रदेश निर्वाचन कार्यालय, सबै (७)

श्री जिल्ला निर्वाचन कार्यालय, सबै (७०)

विषयः- निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा मिति २०७९/०८/०४ गते सम्पन्न प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ का सम्बन्धमा आयोगको मिति २०७९/०८/०७ को बैठकबाट देहाय बमोजिमको निर्णय भएको हुँदा आवश्यक कार्यार्थ निर्णयानुसार अनुरोध छ ।

आयोगको निर्णय

(क) प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा खटिई आफूलाई प्रचलित निर्वाचन कानून बमोजिम तोकिएको जिम्मेवारी निर्वाह गर्ने क्रममा मतदान केन्द्रमा खटिएको मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी, स्वयं सेवकले तोकिएको जिम्मेवारी निर्वाह गर्दा मतपत्र दिने क्रममा दिनु पर्ने मतपत्र नदिएको, कुनै मतदातालाई एउटै सभाको दोहोरो मतपत्र दिएको, मतपत्रको क्रम नमिलाई मतदान कार्य सुरुवात गरेको, मतपेटिका क्रम मिलाएर नराखेको, मतपत्रको ठेली सकिई अर्को ठेली दिंदा गलत ठेली दिएको, गैर मतदाता पहिचान हुँदा समेत मतदान गर्न अनुमती दिएको जस्ता कार्यहरूबाट विवाद उत्पन्न भई केही समय मतदान कार्यमा अवरोध हुन गई मतदान नै स्थगित गरी पुनः मतदान गर्नु पर्ने अवस्था सिर्जना गराउने कर्मचारीलाई आवश्यक कारवाही गर्नका लागि आयोगमा सिफारिस गर्न मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतलाई निर्देशन दिने ।

(ख) खण्ड (क) बमोजिमको निर्णयको जानकारी यथाशिघ्र १६५ वटै निर्वाचन क्षेत्रका मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतलाई दिने ।

(ग) उक्त कार्यमा आवश्यक सहजीकरण गर्नका लागि ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा सम्बन्धित जिल्लाका निर्वाचन कार्यालयलाई समेत निर्देशन दिने ।

(अच्युत दाहाल)
शाखा अधिकृत

बोधार्थ तथा कार्यार्थ :-
श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ।


"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्को गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्सः (९७७-१) ५३२५५८० 
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np